# अप्रिय उपन्यासमा अन्तर्पाठीयता

**अनुपमा रेग्मी**
उपप्राध्यापक, पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौँ
regmianupama@gmail.com

## सार

*प्रस्तुत लेखमा अन्तर्पाठीयताको सिद्धान्तका आधारमा ध्रुवचन्द्र गौतमको 'अप्रिय' उपन्यासको अध्ययन गरिएको छ । यस उपन्यासमा अन्तर्पाठ प्रस्तुत भएका सन्दर्भको खोजी गरी तिनको पहिचान एवं विश्लेषण गरिएका कारण यो अध्ययन गुणात्मक प्रकृतिको छ । यस लेखमा व्याख्यात्मक एवम् विश्लेषण विधिको प्रयोग गरिएको छ । अन्तर्पाठीयताको सैद्धान्तिक मान्यताअनुसार 'अप्रिय' उपन्यासमा साहित्य, मिथक र विज्ञान विषयको अन्तर्पाठ भएका सन्दर्भहरूको खोजी गरी तिनको व्याख्या विश्लेषण गरिएको छ । साहित्यकारका नाम, साहित्यिक कृतिहरू, नेपाली गीत, यथार्थवादी साहित्य सिद्धान्तको मान्यता, लेखनाथ पौड्यालको कविताको अंश साहित्यिक अन्तर्पाठका रूपमा, पुराणका नाम, पुराणवर्णित स्थल, भगवान्का आयुध, क्रियाकलापलगायत मिथकीय सन्दर्भहरू र शरीरविज्ञान, खगोलविज्ञान, जीवविज्ञान, रसायन विज्ञान, प्रविधि विषयका विभिन्न पारिभाषिक शब्द यसमा अन्तर्पाठ भएका छन् । यस अध्ययनबाट 'अप्रिय' उपन्यासको निर्मितिमा विभिन्न पाठहरूको जोडजाड भएको, त्यसले गौतमको लेखनका वैशिष्ट्यलाई चिनाएको, कृतिमा स्वैरकल्पना, व्यङ्ग्य र फेबुलेसनको प्रस्तुति गराएको, अर्थगत विस्तार र गहनतालाई प्रस्तुत गरेको निष्कर्ष प्राप्त भएको छ ।*

**शब्दकुञ्जी** : अधिपाठ, अन्तर्पाठीयता, जेनोटेक्स्ट, पाठ, विनिर्माण

## १. विषयपरिचय

ध्रुवचन्द्र गौतम (२०००) उपन्यासमा नयाँ नयाँ प्रयोग गर्ने स्रष्टा हुन् । उनको *अप्रिय* (२०६७) उपन्यासमा लेखक र पात्रका सम्बन्धमा भ्रान्ति उत्पन्न गराइएको छ । उपन्यासमा लेखक र पात्र को हो ठ्याक्कै भन्न सकिने अवस्था छैन साथै यसमा वास्तविकता र काल्पनिकताको भ्रम पनि उत्पन्न गरिएको छ । गौतमको *जेलिएको* (२०६२) उपन्यासको लेखक पात्र जसले कुनै पार्टीमा भेटेका बेला लेखक गौतमलाई अर्थात् *जेलिएको* उपन्यासको म पात्रलाई आफ्नो जीवनी लेख्न सहयोग गरिदिन अनुरोध गरेको छ (गौतम, २०६२, पृ. २०६) र ऊ *जेलिएको* उपन्यासको सहलेखक बनेको छ । *अप्रिय* उपन्यासमा त्यही पात्रले (यद्यपि उसले आफू त्यो व्यक्ति नभएको बताएको छ) म पात्रलाई भेटेर म पात्रको जीवनलाई आधार बनाएर एउटा उपन्यास लेख्ने चाहना व्यक्त गरेको छ । उसको जीवनलाई आधार बनाएबापत म पात्रलाई केही रकम पनि दिने गरी करार सम्झौता गरेको छ । त्यसपछि झन् म पात्रले आफूमाथिको अन्याय बढ्दै गएको अनुभव गरेको छ । लेखकले उसको पात्रता किनेको हुनाले मनलागी चित्रण गर्दै गएको छ अनि म पात्रले त्यसको प्रतिवाद गर्दै गएको छ । लेखकले काल्पनिकलाई वास्तविक र वास्तविकलाई काल्पनिक बनाएर चित्रण गर्दै जाँदा कुनै दिन नगरकोटमा *जेलिएको* उपन्यासको लेखक पात्रलाई आत्महत्या गर्न म पात्रले सघाएको घटनालाई वास्तविक हत्याका रूपमा चित्रण गरी म पात्रलाई जेलमा पठाउन सक्षम भएको छ । जेलमा पुगेपछि लेखक सधैँ पात्रप्रति निरङ्कुश हुने गरेको निष्कर्षमा म पात्र पुगेको छ । यस लेखमा यही वस्तुसन्दर्भ बोकेको *अप्रिय* उपन्यासको अन्तर्पाठीयताको सैद्धान्तिक मान्यताका आधारमा अध्ययन गरिएको छ ।

अन्तर्पाठीयता उत्तरसंरचनावादका सैद्धान्तिक आधारमा विकसित भएको नवीन समालोचना सिद्धान्त हो । समालोचनामा 'अन्तर्पाठीयता' (Intertextuality) शब्दको प्रथम प्रयोक्ता जुलिया क्रिस्टेभा हुन् । उनले सन् १९६६ मा साहित्यिक पाठको अन्य पाठसित हुने आश्रितताको अवस्थालाई बुझाउन यस शब्दको प्रयोग गरेकी थिइन् । क्रिस्टेभाका अनुसार हरेक पाठ पहिले नै अस्तित्वमा रहेका पाठहरूबाट बनेको हुन्छ । अरू पाठबाट लिइएका त्यस्ता पाठ नयाँ पाठभित्र एकआपसमा काटिन्छन् र तटस्थ पार्छन् (Hawthron, 2011, p. 183) । कुनै पाठभित्र रहने सामाजिक, सांस्कृतिक, मानवीय, त्यसअघि लेखिएका साहित्यिक र गैरसाहित्यिक अन्य पाठहरू अन्तर्पाठ हुन् । पाठभित्र रहने सन्दर्भ, लेखकका, पात्रका, पाठकका आशय, बुझाइ, सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिकलगायत विभिन्न क्षेत्रको पृष्ठभूमि आदि पनि अन्तर्पाठ हुन् । पाठमा अन्तर्पाठको प्रस्तुति अन्तर्पाठीयता हो । साहित्यका कुनै पनि पाठ अन्तर्पाठीयताविना पूर्ण नहुने यसको तर्क छ ।

प्रस्तुत लेखमा *अप्रिय* उपन्यासमा साहित्यको अन्तर्पाठीयता अभिव्यक्त भएका सन्दर्भ केकस्ता छन् र विवेच्य कृतिमा अन्तर्पाठीयताको प्रस्तुतिको प्रयोजन के हो भन्ने प्रमुख प्राज्ञिक समस्या निर्धारण गरी तिनको समाधान गर्ने मूल उद्देश्य राखिएको छ । साहित्यमा यस्ता अन्तर्पाठको बहुल प्रस्तुति हुने हुँदा साहित्यको अध्ययन अन्तर्पाठीयताको सिद्धान्तका आधारबाट गर्नु प्राज्ञिक कार्य हो । नेपाली उपन्यासमा नवीन प्रयोग गरी चर्चित बनेका ध्रुवचन्द्र गौतमको *अप्रिय* उपन्यासको अन्तर्पाठीय अध्ययनले पनि प्राज्ञिक महत्त्व राख्ने देखिन्छ । यसपूर्व विवेच्य उपन्यासको वस्तुविन्यास, अधिआख्यानात्मकता, पात्रगत विनिर्माणका कोणबाट अध्ययन भइसकेको छ । यसबाट *अप्रिय* उपन्यासको अन्तर्पाठीय अध्ययन गर्न सकिने देखिएको छ तापनि हालसम्म अन्तर्पाठीयताका सैद्धान्तिक आधारमा *अप्रिय* उपन्यासको अध्ययन नभएकाले यस क्षेत्रमा देखिएको प्राज्ञिक रिक्तताको परिपूर्तिका निम्ति प्रस्तुत लेख तयार पारिएको हो । अन्तर्पाठीयताले समेट्ने क्षेत्र व्यापक भएका कारण र विवेच्य उपन्यासमा मूलतः साहित्य, मिथकीय र विज्ञान विषयका, अंशतः गणित, प्रशासन, पत्रकारिता, राजनीति आदि विभिन्न विषयका सन्दर्भलाई अन्तर्पाठका रूपमा प्रयोग गरिएका कारण अन्तर्पाठीयताको सम्पूर्ण अध्ययन केवल एउटा लेखमा समेट्न सम्भव छैन । यसर्थ, यस लेखमा विवेच्य उपन्यासमा प्रस्तुत साहित्यिक विषयका अन्तर्पाठको मात्र विश्लेषण गरी सामान्यीकृत निष्कर्ष दिइएको छ ।

## २. अध्ययनविधि र विश्लेषणको सैद्धान्तिक ढाँचा

प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीयक दुवै सामग्रीको उपयोग गरिएको छ । आवश्यक सबै सामग्री पुस्तकालयबाट सङ्कलन गरिएको छ । यस अध्ययनको प्राथमिक सामग्री *अप्रिय* उपन्यास हो भने अन्तर्पाठीयताका सैद्धान्तिक मान्यता प्रस्तुत गर्ने कृतिहरू र ध्रुवचन्द्र गौतमको *अप्रिय* उपन्यासको व्याख्या, विवेचना गरिएका समालोचनात्मक कृतिहरू द्वितीयक सामग्रीका रूपमा रहेका छन् । अध्ययनमा मूलतः विवेच्य कृतिमा साहित्यिक विषयका अन्तर्पाठ प्रस्तुत भएका उद्धरणलाई तथ्यका रूपमा सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको व्याख्यात्मक र विश्लेषणात्मक विधिको उपयोग गरी प्राप्त सामग्रीको अध्ययन विश्लेषण गरिएको छ । साहित्यिक कृतिको अध्ययन भएका कारण प्रस्तुत अध्ययनमा गुणात्मक प्रकृतिको बनेको छ ।

अन्तर्पाठीयता भनेको कुनै पाठमा त्यस पाठपूर्वका स्थापित पाठहरूको अर्थपूर्ण संलग्नता हो । कुनै पनि पाठ लेखकको नितान्त मौलिक सिर्जना हुन सक्तैन । त्यसमा पहिले नै अस्तित्वमा रहेका पाठहरूको जोडजाड रहन्छ भन्ने यसको मान्यता हो । एउटा पाठभित्र अर्को पाठको प्रविष्टि र खोजी अन्तर्पाठीयता हो । यसले हरेक कृतिहरू पूर्वपाठका पुनर्पाठ वा उत्तर पाठ हुन् र एउटा पाठ अनेक पाठहरूको जन्जालभित्र पसेको हुन्छ भन्ने मान्यता राख्छ (गौतम, २०७०,

पृ. ३४१) । अन्तर्पाठीयताले कुनै पनि पाठ आफैँमा पूर्ण हुँदैन, कतिपय अग्रज पाठको सहयोग लिएर त्यसको रचना भएको हुन्छ भन्ने माने पनि स्रोत र प्रभावका कुरा लिएर अन्तर्पाठलाई खुकुलोसँग लिनुहुँदैन ।

'पाठ' भन्नाले सामान्यतया कुनै खास विषय वा सन्दर्भ लिएर पृष्ठमा लेखिएका केही शब्दहरूको समूहबाट निर्मित संरचना बुझिन्छ । वाङ्मयका हरेक लेखन पाठ हुन्, हरेक विषयका लेखन पाठ हुन् । साहित्य सिद्धान्तमा ' पाठ' भन्नाले अध्ययन गर्न मिल्ने कुनै वस्तु हो । चाहे त्यो वस्तु साहित्यिक कार्यको टुक्रा होस् या सडकका ट्राफिक चिह्न नै, लुगाको ढाँचा, सहरको कुनै भागमा घर बनाउने ढाँचा पनि पाठभित्रै पर्छन् । पाठ चिह्नहरूको सुसङ्गत समूह हो जसले कुनै न कुनै प्रकारको सूचना वा सन्देश प्रस्तुत गर्छ । अर्थको द्योतन गर्ने सबै वस्तु पाठ हुन् । क्रिस्टेभाले साहित्यिक पाठमा जेनोटेक्स्ट र फेनोटेक्स्टको अन्तर्पाठीयता रहने बताइन् । जेनोटेक्स्ट साङ्केतिकता अचेतनबाट उत्पन्न हुने विविध वृत्तिका ऊर्जाहरूबाट बन्ने भाषाको भूमिगत उपकरण हो । यो नै भाषाको मुख्य आधार हो । भाषामा यसको अनिवार्य उपस्थिति हुन्छ तर छुट्याउन सकिँदैन भन्ने उनको मत छ (रेग्मी, २०७७, पृ. ३७) । क्रिस्टेभाको अन्तर्पाठीयताको सिद्धान्त मिखायल बाख्तिनको साहित्यिक भाषासम्बन्धी मान्यतामा आधारित छ । बाख्तिनका अनुसार सामाजिक व्यक्ति नै भाषा प्रयोक्ता अर्थात् वक्ता हुन्छ । बोल्ने क्रममा उसले केवल भाषाको अमूर्त संरचना मात्र प्रस्तुत गरेको हुँदैन बरु समाजसित सरोकार राख्ने भाषिक संस्कृतिभित्र भएका विविध र गतिशील सङ्कथनलाई पनि प्रस्तुत गरेको हुन्छ । ती सङ्कथनले खास समय र स्थानमा बोलिएको कुरालाई मात्र नभई खास शैली, शिल्प, भावना वा संवेदनालाई प्रस्तुत गर्ने ध्वनि, भावुकता, वक्ताको भित्री आशय आदिलाई पनि प्रस्तुत गर्दछन् (Tjupa, 2009, p. 124) । बार्थले 'द डेथ अफ अथर' निबन्धमा हरेक पाठ बहुल लेखनबाट बनेको हुन्छ, त्यसमा विभिन्न संस्कृतिबाट लिइएका संवाद, व्यङ्ग्य, विवाद आदिको परस्पर सम्बन्ध रहेको हुन्छ भनेका छन् । उनका अनुसार पाठमा अनगिन्ती सङ्कथनहरू र पहिल्यै अस्तित्वमा रहेका अर्थ पनि रहेका हुन्छन् (Allen, 2007, p. 67) । समाख्यानशास्त्री जेरार्ड जिनेटले अन्तर्पाठीयतालाई जनाउन अधिपाठीयता (Hypotextuality) शब्द प्रयोग गरेका छन् । उनका अनुसार कुनै एउटा पाठको सम्बन्ध अर्को पाठमा रहनु अधिपाठ हुनु हो । कुनै पाठको सन्दर्भ, पात्र, परिवेश वा कुनै पनि अंश लिएर अर्को पाठ रचना हुनु, अन्य पाठको प्रयोग गरी प्यास्टिच निर्माण गर्नु, कुनै पाठमा प्रस्तुत लय, ताल वा शैलीमा अर्कै विषयको व्यङ्ग्यपूर्ण प्रस्तुति हुनु वा प्यारोडी बनाउनु, कुनै पाठको हुबहु नक्कल गर्नु वा क्यारिकेचर गर्नु, र उपहासपूर्ण नक्कल गर्नु वा ट्राभेस्टी नै अधिपाठ निर्माणका तरिकाहरू हुन् (Genette, 1997) । अग्रज पाठहरूलाई विभिन्न तरिकाले अनुज पाठमा सारेर अन्तर्पाठको निर्माण गरिएको हुन्छ । पाठको परिमार्जनद्वारा पाठका अनावश्यक लागेका अंशलाई सच्याएर आवश्यक मात्र राखेर, उच्छेदन गरेर, घटाएर, विस्तार गरेर वा अन्य तरिका अपनाएर पाठको रूपान्तरण गर्न सकिन्छ । जिनेटले देखाएअनुसार विस्तार गरेर वा थपेर र सङ्क्रमित पारेर अधिपाठ (Hypotext) बनाइन्छ । यस्तै कुनै पात्रलाई रूपान्तरण गरेर पनि अन्तर्पाठ बनाउन सकिने उनको तर्क छ (Allen, 2007, p. 110) । यसो गर्दा कतिपय आख्यानात्मक पाठमा अधिआख्यानात्मकता पनि प्रस्तुत हुन सक्छ । उल्लिखित विभिन्न तरिकाको अन्तर्पाठलाई कृष्ण गौतम (२०६४) ले अन्तर्पाठीयताका प्रकारअन्तर्गत राखेका छन् । उनले जिनेटको भन्दा फरक तरिकाका अन्तर्पाठीयता पनि प्रस्तुत गरेका छन् ।

विनिर्माण सिद्धान्तका अमेरिकी व्याख्याता ह्यारोल्ड ब्लुमले हरेक अनुज लेखकको अग्रज लेखकसित इडिपस घृणा उत्पन्न हुने बताएका छन् (गौतम, २०५९, पृ. ३३२) । उनको भनाइको आशय अग्रज लेखकले नलेखेको कुनै विषय, क्षेत्र आदि छैनन् । त्यसैले हरेक पछिल्लो लेखकले अघिल्लो लेखनबाट केही न केही लिएर सिर्जना गर्नुपर्ने हुन्छ । यसो हुनाले अनुज लेखकले अग्रज लेखकप्रति ईर्ष्या गर्दछन् । ब्लुमको यस सिद्धान्तमा पनि प्रत्येक पाठ अन्तर्पाठ हो भन्ने आशय लुकेको छ ।

कुनै एउटा पाठमा अर्को पाठको सन्दर्भ, उद्धरण, टिप्पणी, अंश मिसाउनु, कुनै पाठका पात्र लिएर अर्को पाठको रचना गर्नु, कुनै पाठका पात्रका क्रियाकलाप, सोचाइ, प्रवृत्तिलाई अर्को पाठमा प्रयोग गरी नयाँ पाठमा अर्कै तरिकाले प्रस्तुत गर्नु, कुनै पाठका वा विषयका पारिभाषिक शब्द, प्रसङ्ग अर्को पाठमा प्रयोग गर्नु, कुनै पाठको शैली हुबहु अर्को पाठमा प्रयोग गर्नु, कुनै विधाका रचनाको विधाजन्य विशेषता अर्को पाठमा प्रयोग गर्नु, कुनै विधाका रचना अर्को रचना वा पाठमा प्यास्टिच बनाएर प्रयोग गर्नु, कुनै पाठलाई अर्को पाठमा वर्णसङ्कर बनाएर प्रयोग गर्नु अन्तर्पाठीयताका स्थिति हुन् । यसले पाठलाई विनिर्माणमा पुऱ्याउँछ । त्यसैले विनिर्माणको एउटा पक्ष अन्तर्पाठीयता हो ।

बाख्तिन, बार्थ, क्रिस्टेभा, जिनेट र ब्लुमका अनुसार हेर्ने हो भने सबै साहित्यिक पाठ अन्तर्पाठ हुन् । साहित्य लेख्ने कुनै निश्चित विषय हुँदैन । यसले जुनसुकै विषय वा क्षेत्रलाई लेखनको आधार सामग्री बनाउन सक्छ । ती विषयक्षेत्रलाई प्रस्तुत गर्ने क्रममा लेखकले आफ्नो उद्देश्यको परिपूर्तिका लागि, पाठकमा बढी प्रभाव पार्नका लागि, अर्थगत विस्तार र गहनताका लागि, विनिर्माण र विपरिचितीकरणका लागि अन्य विषयक्षेत्रका सन्दर्भ, सिद्धान्त, अवधारणा, मान्यता, पारिभाषिक शब्द, परिभाषालाई मिसाउन सक्छ । लेखकले कृतिमा प्रत्यक्ष तरिकाले समाख्याता र पात्र प्रयोग गरेर वा यिनको प्रयोग नगरीकनै अप्रत्यक्ष तरिकाले सामाजिक, सांस्कृतिक, वैचारिक स्थितिलाई प्रस्तुत गर्न सक्छ । ती पनि साहित्यिक कृतिमा अन्तर्पाठ बनेर प्रस्तुत भएका हुन्छन् । यस्तै जेनोटेक्स्टअन्तर्गतका अनौपचारिक शैली, लय, अनुतान, बलाघात, विस्मय, शङ्का आदि बनेर पाठमा आएका हुन्छन् । त्यो स्थिति पनि अन्तर्पाठीयता नै हो । साहित्यिक पाठको निर्मिति अनौपचारिक भाषाको प्रयोग, रूपगत विचलन, विपरिचितीकरण, लय, अनुतान, समानान्तरता, अग्रभूमीकरण, पात्रका आशयहरू, सोच, व्यवहार, दृष्टि, अनुभवबाट हुने हुनाले हरेक साहित्यिक पाठ अन्तर्पाठ हो । अन्तर्पाठीयताका कसीमा साहित्यिक पाठको समालोचना गर्नुपर्दा यिनै कुराको खोजी गर्नुपर्छ भन्ने अन्तर्पाठीयताको मान्यता रहेको छ । कुनै साहित्यिक पाठको अन्तर्पाठीय अध्ययन गर्दा पाठमा भएका यिनै सन्दर्भको खोजी गरी तिनको विश्लेषण गर्न सकिन्छ । यस लेखमा *अप्रिय* उपन्यासका निम्नलिखित सन्दर्भको खोजी गरी अन्तर्पाठीयताको अध्ययन गरिएको छ : (१) कुनै पाठका लेखक पात्रलाई अर्को पाठका लेखक पात्र बनाएर प्रयोग गरिएका सन्दर्भ, (२) कुनै पाठको उद्धरण जस्ताको त्यस्तै प्रयोग गरिएका सन्दर्भ, र (३) अरू नै साहित्यिक पाठका सन्दर्भ, सिद्धान्त, मान्यता, परिभाषा, पारिभाषिक शब्द भएका सन्दर्भ ।

## ३. अप्रिय उपन्यासमा साहित्यिक अन्तर्पाठीयता

*अप्रिय* उपन्यासमा साहित्यकारका नाम, तिनका कृति, विधा, समालोचनात्मक मान्यता, सिद्धान्त, कृतिका अंश, गीतका अंश र सन्दर्भबाट सामग्री लिएर यथासन्दर्भ मिल्ने गरी अन्तर्पाठ बनाइएको छ । यसमा मूलतः *अप्रिय*का लेखक ध्रुवचन्द्र गौतमकै पूर्वप्रकाशित उपन्यास *जेलिएको*लाई अन्तर्पाठ बनाइएको छ । उपन्यासको सुरुतिर 'म' पात्रले आफ्नो जीवनमा साइकल जीवनबाट 'नछुट्न्या' भएको बताएको छ । यहाँ भानुभक्तकालीन भाषालाई अन्तर्पाठ गरिएको छ । आदिकवि भानुभक्त आचार्यले जेलमा रहँदा भुक्तमान कहिल्यै नसकिने गरी भोग्नुपरेको सन्दर्भमा प्रयोग भएको 'नछुट्न्या' शब्दले यस उपन्यासको म पात्रको गरिबी पनि कहिल्यै सकिने खालको छैन भन्ने देखाएको छ । यसको प्रयोगले म पात्रको आर्थिक अवस्थालाई अग्रभूमीकरण गरेको छ । यस सन्दर्भले कृतिगत सन्दर्भलाई अझ विस्तार गरेको छ ।

कार्यालयमा प्रमोसन भएपछि पदका कारण हाकिमका घरमा काम गरिदिन नमिल्ने हुँदा आम्दानी घट्ने डरले नीर भन्ने कर्मचारीले 'म जे छु ठिकै छु बिथोल्न नआऊ' भनेर हरिभक्त कटुवालले रचेर नारायण गोपालले गाएको गीतको अंश गाएको छ । यस गीतको अंशमा जीवनको विवशतालाई प्रस्तुत गरिएको छ । नीर पात्रको जीवनको यस्तै विवशतालाई फरक सन्दर्भबाट प्राथमिकीकरण गर्नका लागि उल्लिखित गीतको प्रयोग गरिएको छ । यसको अन्तर्पाठद्वारा

सामान्य कर्मचारीले जीवनरथलाई अघि बढाउन गर्नुपरेका कसरत र आर्थिक अभावको धङधडीलाई प्रस्तुत गरी जीवनको विवशतामाथि व्यङ्ग्य प्रस्तुत गरिएको छ । यसले लाक्षणिक तरिकाले अर्थ प्रदान गरी सन्दर्भलाई अर्थगत गहनता प्रदान गरेको छ ।

गरिबीको विवशतालाई प्रस्तुत गर्दा 'आँप अथवा मासु अथवा भातका तुलनामा यी उपमाहरू, अलङ्कारहरू सधैँ बेकम्मा भएका थिए' भन्ने म पात्रको भनाइ आएको छ । उपमा र अलङ्कारले साहित्यिक कृतिको भावोत्कर्ष गरेका हुन्छन् । तिनको प्रयोगले साहित्य अझ रसमय बन्छ तर भोकाएको बखत विवशता खान नमिल्ने हुनाले विवशतालाई 'धनीहरूको डाइटिङ' को उपमा दिँदा म पात्रको जीवनमा नमिलेको बरु मासु, भात, आँप आदि खाद्यपदार्थ नै बढी महत्त्वपूर्ण हुन आएको अर्थलाई यस सन्दर्भले व्यक्त गरेको छ । यसका माध्यमबाट पनि म पात्रको चरम गरिबीको अवस्थालाई नै व्यङ्ग्यात्मक पाराले अग्रभूमिमा ल्याइएको छ । यसले यथार्थको विस्तार गर्नमा महत्त्वपूर्ण भूमिका प्रदान गरेको छ ।

म पात्रले आत्महत्या गर्नुपूर्व लेख्न चाहेको नोट लेख्न नसकेर किर्केगार्डको डायरी, काफ्काको डायरी र सेलीको अवसादग्रस्त हुँदाको पत्रसमेतको अध्ययन गरेको बताएको छ । साहित्यकार तथा चिन्तकहरू किर्केगार्ड, काफ्का र सेलीले आत्महत्या गर्नुपूर्व लेखेका पत्र विश्वप्रसिद्ध छन् । म पात्र पनि अविस्मरणीय आत्महत्या गर्न चाहन्छ तर ऊ अवसादग्रस्त छैन । यस सन्दर्भले म पात्र जीवनमा जति विवश भए पनि विवशता झेलेर बाँचिरहेको वा बाँच्न चाहने व्यक्ति हो भन्ने अर्थ सन्दर्भित गरेको छ । यस सन्दर्भले म पात्रको स्वभाव र अवस्थालाई गहनताका साथ उद्घाटन गर्न सहयोग गरेको छ । यस अन्तर्पाठको अन्तर्यमा केही हास्य र केही अतिशयोक्ति लुकेको देखिन्छ किनकि विवश मानिस आत्महत्यालाई विश्वप्रसिद्ध बनाउनतिर लाग्दैन । गौतमका अन्य उपन्यास र *अप्रिय* उपन्यासका अन्य सन्दर्भमा पनि यस्ता विरोधाभासी प्रसङ्ग यत्रतत्र छन् । यसरी पात्रका अवस्था उजागर गरिएको सन्दर्भबाट उनको लेखनगत वैशिष्ट्य पनि देखिएको छ ।

रक्सी लागिन्जेल हाकिमलाई हाकिम नमान्ने म पात्र नसाबाट ओर्लेपछि संस्कृत साहित्यको नीतिकथा 'पुनर्मुषिको भवः' हुने गरेको अर्को साहित्यिक अन्तर्पाठको सन्दर्भ पनि उपन्यासमा प्रस्तुत छ । 'पुनर्मुषिको भवः' भन्ने कथामा एउटा मुसो ऋषिको वरदान प्राप्त गरी बिरालो, कुकुर हुँदै बाघमा परिणत हुन्छ । बाघ भएपछि ऋषिलाई नै झम्टन खोजेकाले ऋषिले फेरि मुसोमा नै परिणत गरिदिन्छन् । म पात्र पनि रक्सीको नसामा आफूलाई हाकिम भन्ठान्छ र हाकिमलाई नै गाली गर्न थाल्छ तर रक्सीको नशामा मात्र शक्तिशाली बनेको शक्तिहीन एउटा तल्लो तहको कर्मचारी रक्सीले छोडेपछि पुनः हाकिमकै चाकरी गर्ने सामान्य कर्मचारीकै तहमा पुग्ने अवस्थालाई यस सन्दर्भले प्रस्तुत गरेको छ । यस अन्तर्पाठद्वारा उपन्यासमा प्रतीकात्मक रूपमा कर्मचारी वर्गको चरित्रको उजागर गरिएको छ साथै रक्सी लागेको बहानामा आफ्ना कमजोरी लुकाउने र आफूभन्दा माथिकालाई समेत गाली गरेर अचेतनलाई शान्त पार्न खोज्ने कतिपय मानिसका यथार्थ आचरणलाई विस्तारपूर्वक देखाइएको छ ।

कहिलेकाहीँ अतिरिक्त आम्दानी हुँदा म पात्र र उसकी स्वास्नीमा 'स्पोन्टेनियस ओभर फ्लो अफ फिलिङ' हुने गरेको एउटा सन्दर्भ पनि यस उपन्यासमा प्रस्तुत भएको छ । स्वच्छन्दतावादी कवि विलियम वर्डस्वर्थले कविताको परिभाषामा कवितालाई 'मनोद्वेगको सहज उच्छलन' भनेका छन् । *अप्रिय* उपन्यासमा प्रयुक्त भावनाको सतत उच्छलनको सन्दर्भ कविमा भावना छचल्किएको अवस्थालाई देखाउन नभई गरिब घरका मानिस थोरै अतिरिक्त पैसा आफ्नो स्वामित्वमा आउँदा पनि अति प्रफुल्लित हुन्छन् भन्ने देखाउन यो अन्तर्पाठ गराइएको छ । यस सन्दर्भबाट गरिबीको विवशतामाथि गहिरो व्यङ्ग्य प्रस्तुत गरिएको छ तर प्रकटीकरणमा फेबुलेसनको प्रस्तुति गराइएको छ ।

गरिबीले गृहस्थीको प्रत्येक कुनाकाप्चा, दुलो, अन्तरकुन्तर सबतिर डसेको सन्दर्भ, कविता मिलाए जस्तो मात्र नभएको भन्ने एउटा सन्दर्भ पनि आएको छ । कविता मिलाउन केवल बौद्धिकता र साहित्यिक क्षमता भए हुन्छ तर धन कमाउन कुनै एक ठाउँमा बसेर सोचेर मात्र पुग्दैन । कविता कोरे जस्तो, कुनै नमिलेको पदमा मिल्ने पद खोजेर हाले जस्तो सहज नभएकाले चाकडी र अन्य निम्न मानिएका काम पनि गर्नुपरेको कुरालाई सङ्केत गरिएको छ । यसले म पात्रको आर्थिक जीवनमा गर्नुपरेको धपेडी र नतोकिएका कामलाई देखाएको छ । यस अन्तर्पाठले व्यङ्ग्यार्थ प्रदान गरेको छ ।

कुनै दिन राम उपाध्याय भन्ने मान्छे उसलाई भेट्न आएको म पात्रले *जेलिएको* उपन्यासको सहलेखक र पात्र हो कि भनेर सोधेको रामले *जेलिएको* उपन्यासको त्यो मानिस पात्र भएको तर आफू वास्तविक भएको बताएको छ तर म पात्रलाई विश्वास लागेको छैन । त्यसैले ऊ उपन्यासको पानाबाटै निस्केर आए जस्तो म पात्रलाई लागेको सन्दर्भमा *जेलिएको* उपन्यासको सहलेखक पात्र राम उपाध्यायलाई अन्तर्पाठ गरिएको छ । यस सन्दर्भले उपन्यासमा विरोधाभासको सिर्जना गरेको छ । विरोधाभासले द्विचरको भञ्जन गर्छ र विकल्पका मार्ग उघारिदिन्छ । यसले बहुलार्थ सिर्जना गर्छ । *अप्रिय* उपन्यासमा लेखक/पात्रको द्विचर भञ्जन गर्न, बहुलार्थ सिर्जना गर्न यो सन्दर्भ ल्याइएको छ । यो सन्दर्भ नै यस उपन्यासको प्रमुख घटना पनि हो । यसले उपन्यासमा अधिआख्यानको सिर्जना गरेको छ र उपन्यासमा नवीनता प्रदान गरेको छ । यससम्बन्धी घटना उपन्यासमा विस्तारित हुँदै जाँदा पाठकले अन्त्यमा मात्र लेखकपात्रको सम्बन्धबारे थाहा पाउँछन् । त्यसैले यस अन्तर्पाठीय सन्दर्भले उपन्यासमा कौतुहलता पनि प्रदान गरेको छ ।

२०६० सालमा *वीरचरित्र*को शतवार्षिकी मनाइएको कुराको अन्तर्पाठमा म पात्रलाई उपन्यासबारे यो घटनाबाहेक अन्य थाहा छैन । अर्थात् म पात्र उपन्यास विधा वा समग्र साहित्यसित चासो राख्ने मानिस होइन भन्ने अर्थविस्तार गर्नका लागि ल्याइएको देखिन्छ । म पात्रलाई राम उपाध्याय पात्रको उपस्थिति *वीरचरित्र, महेन्द्रप्रभा*को जस्तो लागेको छ । यी उपन्यासको नाम यहाँ अन्तर्पाठका रूपमा आउनुको कारण यी उपन्यासमा अतिकाल्पनिकताको उपस्थिति हुनु हो । जादु वा तिलस्मीयुक्त लेखनमा पात्र वा कुनै घटना विनाकुनै सन्दर्भ उत्पत्ति हुन्छ । तिनमा अतिकल्पनाको प्रयोग भएको हुन्छ । यस उपन्यासमा आफूलाई राम उपाध्याय भनेर चिनाउने पात्र पनि बिनासोचविचार अचानक आएको अनुभूति म पात्रलाई भएको छ भन्ने जनाउन यहाँ अन्तर्पाठ गराइएको हो । यसले पाठको अर्थविस्तार गरेको छ । साथै माध्यमिककालीन उपन्यासको प्रवृत्तिलाई पनि प्रस्तुत गरिएको छ । यहाँ माध्यमिककालीन उपन्यासको प्रवृत्ति अर्थान्तर भई प्रस्तुत भएको छ । अर्थान्तरका माध्यमबाट लेखकको उपस्थितिलाई अविश्वसनीय ठानिएको अवस्था देखाउनु यस सन्दर्भको विशिष्टता हो ।

प्रस्तुत उपन्यासको पात्रलेखकले आफू विशुद्ध उपन्यासकार भएको अर्थात् उसले कथा, कविता, नाटक, निबन्ध केही नलेखेको, उसले म पात्रको जीवनलाई आधार बनाएर वा म पात्रलाई पात्र बनाएर उपन्यास लेख्न चाहेको कुरा बताएको छ । लेखकलाई पात्र र पात्रलाई लेखक बनाएर पात्रसित लेखकको संवाद प्रस्तुत गरिएकाले यस सन्दर्भमा अन्तर्पाठीयताको प्रस्तुति भएको छ । यसले यस उपन्यासमा प्रस्तुत अधिपाठलाई शक्ति प्रदान गरेको छ साथै यथार्थ र कल्पनाको द्विचर भञ्जन गरेको छ । कुनै पनि लेखकले कसैको जीवन वा कुनै घटना आदिलाई कतै न कतै आधार बनाउँछ नै । यसै विषयलाई अन्तर्पाठका रूपमा प्रयोग गरिएको छ । साहित्यिक सन्दर्भ नै यहाँ अन्तर्पाठका रूपमा ल्याए पनि अन्तर्पाठ जस्तो नभई उपन्यासको मूल विषय सन्दर्भकै रूपमा आई सामान्य अर्थ प्रदान गरेको छ ।

राम उपाध्यायले उपन्यास लेख्दा म पात्रबारे केही आपत्तिजनक कुराको प्रस्तुतिबाट उपन्यास थालेको, म पात्रबारे मनपरी चित्रण गर्न थालेको र म पात्रले आपत्ति जनाउँदा 'अपारे काव्यसंसारे कविरेक प्रजापति' भन्ने उद्धरण सुनाएको

प्रसङ्ग अन्तर्पाठ भएको सन्दर्भ छ । काव्यसंसारको एक मात्र सर्जक कवि हो भन्ने मम्मटको काव्यशास्त्रमा उल्लेख छ । काव्य (साहित्य) स्रष्टाको मानसकै उपज हो । उसले जस्तो चाहन्छ त्यस्तै सिर्जना गर्ने कुरा यथार्थ हो । प्रस्तुत अन्तर्पाठद्वारा त्यसै यथार्थको विस्तार गरिएको छ । मम्मटले सोझो हिसाबले सिर्जना स्रष्टाको व्यक्तिगत कर्म हो भन्ने बुझाउन लेखेको यस उद्धरणले यस उपन्यासमा भने लेखक जहिले पनि मनलाग्दो चित्रण गर्छ, ऊ निरङ्कुश हुन्छ भन्ने गूढार्थ प्रस्तुत गरेको छ । लेखक र पात्रबिचको यही सङ्घर्षलाई नै *अप्रिय*ले मूल विषय बनाएको हुँदा यस अंशले उपन्यासमा आउने भावी घटनालाई पनि सङ्केत गरेको छ ।

प्रस्तुत उपन्यासमा राम उपाध्यायले म पात्रलाई हाकिमकी छोरीलाई समेत बलात्कार गरेको भनी चित्रण गरेपछि म पात्रले आफू विलासी र कामुक नभएको बताउँदा मानव स्वभाव र प्रवृत्तिलाई लेखकले विभिन्न कोणबाट प्रस्तुत गर्नुपर्दछ भन्ने तर्क लेखक पात्रले प्रस्तुत गरेको छ । साहित्यमा मानवीय स्वभाव र प्रवृत्तिको यथातथ्य प्रस्तुत हुनुपर्छ भन्ने यथार्थवादी समालोचनाका मान्यता यस सन्दर्भमा अन्तर्पाठ भएको छ । यहाँ उक्त समालोचनात्मक मान्यताको प्रस्तुतिले लेखकले सदियौँदेखि पात्रलाई आफ्ना आकाङ्क्षा र सोचाइको भरिया बनाएकोप्रति अन्तर्तलमा व्यङ्ग्य गरेको छ । लेखकको अचेतनमा दबिएका अनैतिक मानिने कर्मलाई लेखकले प्रकारान्तरले पात्रमार्फत पुस्तकमा प्रस्तुत गर्न सक्छ भन्ने आशयलाई व्यक्त गर्नु यस अन्तर्पाठको अर्थ हो । यस अन्तर्पाठले भित्री तहमा मानिसका कमजोर प्रवृत्तिको उद्घाटन गरी त्यसप्रति व्यङ्ग्य र उपहास गरेको छ । यस सन्दर्भले लेखकीय निरङ्कुशतामार्फत अधिपाठको निर्माणमा अनुकूलता थपेको छ । सन्दर्भगत अर्थगहनता प्रस्तुत गर्नु यस अन्तर्पाठको उद्देश्य हो ।

लेखक र पात्रबिच द्वन्द्व बढ्दै जाँदा म पात्रले माया गर्दागर्दै पनि उसकी श्रीमतीमा उल्टो असर परेको कारण खोज्न *द सेकेन्ड सेक्स* पढ्नुपर्ला भनी म पात्रले सोचेको सन्दर्भमा फ्रान्सेली नारीवादी लेखक सिमोन द बुवालिखित कृतिको नाम अन्तर्पाठका रूपमा आएको छ । बुवाको कृति *द सेकेन्ड सेक्स* नारीका हक र अधिकारको वकालत गरेर लेखिएको छ तर *अप्रिय*मा नारीको मनोविज्ञान बुझ्न नसकिने हुँदो रहेछ भन्ने अर्थका लागि यो अन्तर्पाठ ल्याइएको हो । हक, अधिकार र आवश्यक माया दिँदादिँदै पनि श्रीमतीको चित्त नबुझ्दा पुरुषले महिलाको चित्त बुझाउने तरिका थाहा पाउन कुनै ज्ञान काम नलाग्ने भन्ने अर्थमा यो सन्दर्भ प्रयोग भएको छ । यस सन्दर्भमा म पात्रले श्रीमती पात्रलाई गरेको व्यङ्ग्य पाठकलाई ध्वनित हुन्छ ।

*अप्रिय*मा म पात्रको घरमा आएका दार्शनिकबारे विचार गर्दा संस्कृत साहित्यमा प्रचलित दार्शनिकबारेको व्यङ्ग्यात्मक कथा 'पात्रस्याधारे घृतम् किंवा घृतस्याधारे पात्रम्' भन्ने उक्ति समाख्यताले प्रस्तुत गरेको छ । यस कथामा अधिक र अनावश्यक तर्कशील भएर पातमा भएको घिउ घोप्ट्याउने दार्शनिकको कथा छ । दर्शनका नाममा अनावश्यक तर्क गर्नु हास्यास्पद कुरा हो । यही हास्यास्पद प्रवृत्तिको उजागर गर्न यस उक्तिको अन्तर्पाठ गरिएको छ । उपन्यासमा यस उक्तिलाई देशोन्नतिको आधार बनाइएको भन्ने सन्दर्भ छ । प्रस्तुत सन्दर्भ नेपालका उच्च पदस्थ व्यक्ति, नेता आदिदेखि सामान्य कार्यकर्तासमेत ज्ञानबिना जुनसुकै विषयमा गफ गर्न सक्छन् भन्ने यथार्थलाई व्यङ्ग्य गर्न ल्याइएको देखिन्छ । यसले कृतिमा दार्शनिकका गफाडी बानीलाई लाक्षणिक अर्थ दिइएको देखिन्छ ।

एक दिन अकस्मात् म पात्रको छाती दुखेर कसैले ढुङ्गा राखेर थिचिदिए जस्तो भएको बेला कालीप्रसाद रिजालको रचना र नारायण गोपालको स्वर तथा सङ्गीतमा रहेको 'छातीमाथि ढुङ्गा राखी हाँस्नुपऱ्या छ' भन्ने गीत सम्झेको अर्को अन्तर्पाठात्मक सन्दर्भ पनि *अप्रिय* उपन्यासमा छ । मनमा जति कष्ट भए पनि बाहिर अरूका अघि सामान्य बनेर देखाउनुपर्ने अवस्थालाई देखाउनु गीतको मर्म हो । प्रस्तुत उपन्यासमा भने म पात्रलाई 'माइल्ड हर्टअट्याक' भएको अवस्थामा छाती भारी भएको कुरालाई हास्यात्मक बनाउन गीतको अन्तर्पाठ प्रयोग भएको छ । यस सन्दर्भले कृतिमा

गम्भीर अवस्थालाई हलुका बनाउन खोजेको देखिन्छ । फ्याबुलेसनको सिर्जना गरी अन्तर्यको दुःखद अवस्थालाई व्यक्त गर्नु विरोधाभासको स्थिति हो । विरोधाभासले कृतिलाई विनिर्माण गर्छ र द्विचरको भञ्जन गर्छ । दुःख/हाँसोको द्विचरलाई यस सन्दर्भले भञ्जन गरेको छ । यस सन्दर्भले कृतिकारको मौलिकतालाई पनि प्रदर्शन गरेको छ ।

राम लेखक पात्रले म पात्रका बारेमा अलि आपत्तिजनक चित्रण गरेकामा असन्तुष्टि प्रकट गर्दा रामले कुनै पनि स्वाभिमानी लेखकलाई त्यस्तो हस्तक्षेप मन नपर्ने कुरा बताएको साहित्यिक सन्दर्भ पनि *अप्रिय*मा अन्तर्पाठ भएको छ । लेखकहरू प्रायः व्यक्तिस्वतन्त्रतामा विश्वास गर्छन् । स्वाभिमानी लेखक हस्तक्षेप मन पराउँदैनन् भन्ने आम स्रष्टाको साझा धारणा हो । यस सन्दर्भलाई *अप्रिय*मा भने लेखकीय निरङ्कुशता प्रदर्शन गर्ने लेखकले प्रयोग गरेको छ । यसले सोझो अर्थमा सकारात्मक अर्थ बोकेको भनाइले पनि परिस्थितिवश प्रत्युत्पादक अर्थ दिन्छ भन्ने देखाएको छ । अर्काको जीवनमा हस्तक्षेप गरेर आफूलाई स्वाभिमानी मान्ने राम उपाध्याय भन्ने लेखक पात्रको विरोधाभासलाई देखाउनु यस सन्दर्भको आशय देखिएको छ ।

उपन्यास लेख्न म पात्रको जीवनलाई नै राम उपाध्यायले किन छान्यो भनेर म पात्रले सोच्दा महाकवि लक्ष्मीप्रसाद देवकोटाले लेखेको 'दालभातडुकु' कविता स्मरण गरेको छ । म पात्रको चरम गरिबीका कारण पेट भर्ने समस्याबाहेक अन्य कुरा कहिल्यै सोच्न नसकेको अवस्थालाई देखाउन यो अन्तर्पाठ प्रयोग भएको छ । यसै सन्दर्भ देखाउन कविशिरोमणि लेखनाथ पौड्यालले लेखेको कविताका दुई पङ्क्ति 'काढी तरक्क पसिना दिनरात डोको, बोके पनि उदरगर्त रहन्छ भोको' उल्लेख गरिएको छ । यसले पनि म पात्रको गरिबीकै अवस्थाबारे पाठमा अर्थविस्तार गरी भावगहनताद्वारा पाठकीय प्रभाव बढाएको छ ।

नगरकोटमा लेखकको हत्या गर्ने मनसायले गएको म पात्रले उसकै आत्महत्यामा सघाएको, आत्महत्या गरिसकेको लेखक पात्र कुनै दिन अचानक भेटिएको, भेटिएको लेखक पात्रले मर्ने चाहिँ पात्र लेखक नभई पात्र मात्र भएको बताएको एउटा सन्दर्भमा पुनः *जेलिएको* उपन्यासको सहलेखक पात्र यहाँ अन्तर्पाठ भएको छ । यसले कथानकको क्रमभञ्जन गरेको छ, अधिआख्यान निर्माण गरेको छ साथै लेखक/पात्रको द्विचरभञ्जन गरी विरोधाभास निर्माण गरेको छ । यसले कृतिलाई प्रयोगपरक बनाएको छ ।

मरिसकेको मान्छे आफ्नो अगाडि उपस्थित हुँदा म पात्रलाई आफ्नो जीवनमा सफोक्लिज, एस्किलस र युरिपाइडस आदिको त्रासद नाटक जस्तो लागेको प्रसङ्गमा ग्रिसेली दुःखान्त नाटककारका नाम अन्तर्पाठ भएका छन् । कतिपय ग्रिसेली दुःखान्त नाटकमा मरिसकेका पात्रले पनि विभिन्न पराभौतिक रूपमा पुनः सजीव तरिकाले प्रकट भई रहस्य बताएका घटना छन् । त्यस्तै घटना *अप्रिय* उपन्यासको म पात्रले पनि भोगेको कुरा सहज तरिकाले प्रस्तुत गर्न यी नाम अन्तर्पाठ गरिएको देखिन्छ । यो अन्तर्पाठले *अप्रिय* उपन्यासमा भएको कथासन्दर्भको भावगत गहनतालाई प्रस्तुत गरेको छ ।

लेखकको अत्याचारविरुद्ध पुनः उसको हत्या गर्ने सोचाइ म पात्रमा आएपछि उसले *अपराध र दण्ड*को रास्कोलनिकोभ, हेमिङ्वेको *किलर्स* सम्झेको भन्ने औपन्यासिक सन्दर्भमा साहित्यिक कृति र कृतिकारको नाम अन्तर्पाठ भएका छन् । म पात्रले राम उपाध्यायको हत्या गर्न चाहेको तर त्यसमा आफू विश्वस्त हुन नसकेको अवस्था देखाउन यी नाम अन्तर्पाठ गरिएका हुन् । यिनले पात्रको विक्षिप्त मनोदशा र विरोधी चरित्रको अङ्कनमा विशेष भूमिका खेलेका छन् । विवेचित कृतिमा लेखक र पात्रबिचको द्वन्द्वको विषयलाई उत्कर्षमा पुर्‍याउन यस अन्तर्पाठको भूमिका उल्लेख्य देखिन्छ ।

लेखक र पात्रबिच द्वन्द्व निकै बढेपछि *अप्रिय* उपन्यासको म पात्रले *डेथ अफ द अथर* आफ्ना लागि काम नलागेको बताएको छ । ऊवाट्ट पढ्दा वा हेर्दा लेखकको हत्या गर्न नसकेका कारण म पात्रलाई 'लेखकको मृत्यु' भन्ने शब्द काम

लागेन भन्ने बुझिन्छ तर रोलाँ बार्थको उक्त कृतिमा कुनै पाठ रचना गरेपछि त्यसको अर्थ पाठकमा निर्भर रहन्छ, पाठक नै अर्थको अन्तिम निर्धारक भएकाले लेखकले रचना गर्दा मैले यो उद्देश्य राखेको थिएँ भन्ने अवस्था रहँदैन, त्यसैले लेखकको मृत्यु हुन्छ भनिएको छ । यस उपन्यासमा लेखक पात्रले जबर्जस्ती म पात्रको पात्रता किनेर उसलाई मनलाग्दो पाराले चित्रण गरिरहेको अवस्थालाई म पात्रले जति विद्रोह गरे पनि, उसको हत्याकै योजना बनाएर असफल हुँदासम्म पनि लेखकीय अत्याचार अन्त्य गर्न सकेको छैन । बार्थले भने जस्तो अर्थको निर्धारक पाठक त होला तर लेख्ने बेला नै निरङ्कुश भएर पात्रमाथि ज्यादती गर्ने लेखकको बारेमा के भन्ने भन्ने सम्बन्धमा हालसम्म कुनै चिन्तकले नभनेको हुँदा बार्थको सिद्धान्त पनि कामलाग्दो नभएको भन्ने समालोचनात्मक दृष्टिकोण यसमा अन्तर्पाठ भएको छ । यसले उपन्यासलाई बौद्धिक बनाएको छ र पाठकलाई सोचमग्न बनाउने देखिन्छ । लेखक सदा निरङ्कुश छ भन्ने सन्दर्भलाई यस अन्तर्पाठबाट पुष्टि गरिएको छ । उपन्यासको घटना सन्दर्भमा रहेको व्यापक अर्थलाई केही गूढ बनाई गहनता प्रदान गर्नमा यस अन्तर्पाठको भूमिका देखिन्छ ।

राम उपाध्याय वा लेखक पात्रलाई म पात्रले सहयोग गरी भएको आत्महत्यालाई हत्या भनेर चित्रण गरिदिएपछि म पात्र जेलमा परेको बेला म पात्रले लेखकलाई वास्तविकलाई काल्पनिक र काल्पनिकलाई वास्तविक बनाउन सजिलो हुने हुनाले ऊ जस्ता पात्रलाई लेखकले सधैँ मनलाग्दी चित्रण गर्ने खेल खेल्ने गरेका कुरा बताएका सन्दर्भहरू प्रस्तुत उपन्यासमा आएका छन् । यी सन्दर्भहरूमा साहित्यिक अन्तर्पाठीयता भएको छ । यस उपन्यासको मूल विषय नै लेखक र पात्रबिचको द्वन्द्व रहेको सन्दर्भमा यस उपन्यासलाई अधिआख्यानको स्वरूप प्रदान गर्नमा यस अन्तर्पाठको भूमिका रहेको छ । यसबाहेक गौतमद्वारा लिखित अर्को उपन्यास *जेलिएको*मा सहलेखक र पात्र बनेर प्रस्तुत भएको व्यक्ति नै (यद्यपि, पात्र स्वयम्ले नै *जेलिएको*मा प्रस्तुत पात्र आफू होइन भनी बताएको छ) यसमा लेखक बनेर प्रस्तुत भएको सन्दर्भ र नगरकोटमा आत्महत्या गर्ने पात्र *जेलिएको* उपन्यासको पात्र भएको कुराले *जेलिएको* उपन्यास नै अन्तर्पाठ बनेर प्रस्तुत भएको देखिन्छ । लेखक पात्रका रूपमा आएर लेखकसित आफ्नो भूमिकाबारे गुनासो गरेका सन्दर्भहरू *अप्रिय*बाहेक ध्रुवचन्द्र गौतमका अन्य उपन्यासमा पनि पाइन्छन् र यो अधिआख्यानको एउटा प्रकार हो (एटम, २०७४, पृ. १९) । *अप्रिय* उपन्यासको आख्यानलाई अधिआख्यान बनाउनमा *जेलिएको* उपन्यासको अन्तर्पाठले उल्लेख्य काम गरेको देखिन्छ । यस उपन्यासलाई प्रयोगपरक बनाउनमा पनि साहित्यिक अन्तर्पाठले प्रमुख भूमिका प्रदान गरेका छन् ।

## ४. निष्कर्ष

ध्रुवचन्द्र गौतमको *अप्रिय* उपन्यासमा म पात्र र लेखक पात्रको द्वन्द्वका विविध अवस्थालाई प्रस्तुत गर्ने क्रममा लेखकले साहित्य, मिथक, विज्ञान, गणित, प्रशासन, तथ्याङ्कशास्त्र, राजनीति, शिक्षा, कानुन, पर्यावरण, अर्थशास्त्र, साइबर संस्कृति, लोकतत्त्व, पत्रकारिता, समाज, संस्कृतिबाट सन्दर्भ, पारिभाषिक शब्द, अंश लिएर अन्तर्पाठ बनाइएको छ । यसमा *जेलिएको* उपन्यासलाई, कालीप्रसाद रिजाल र हरिभक्त कटुवालका गीतका अंशलाई, यथार्थवादी समालोचनाको मान्यतालाई, मम्मटले काव्यशास्त्रमा उल्लेख गरेको प्रसङ्गलाई, विभिन्न लेखक र तिनका कृतिको विषय प्रसङ्गलाई, लेखनाथीय कविताको अंशलाई पनि अन्तर्पाठ गरिएको छ । यसै गरी थर गोत्रको सुरुवातसम्बन्धी किंवदन्ती, विभिन्न पुराणका प्रसङ्ग, भगवान्का आयुध, क्रियाकलाप, पुराणमा वर्णित स्थललगायत मिथकीय सन्दर्भ पनि यस उपन्यासमा अन्तर्पाठ भएका छन् । अन्तर्पाठ बनेर प्रस्तुत भएका पारिभाषिक शब्द, कृतिका नाम, कृतिकारका नाम, कृतिका अंश र विषयसन्दर्भले कृतिमा व्यङ्ग्यार्थ र लाक्षणिक अर्थ प्रस्तुत गरेका छन् । तिनले आफ्नो अर्थ नछोडीकनै कृतिको सन्दर्भगत अर्थलाई विस्तार गरेका छन् । *अप्रिय* उपन्यासमा अन्तर्पाठीयताका लागि प्रयोग गरिएका विभिन्न विषयसित सम्बन्धित पारिभाषिक शब्द, सन्दर्भ र तिनका अर्थलाई कृतिगत सन्दर्भसित मिसाएर लाक्षणिक र व्यङ्ग्यात्मक तरिकाले अर्थवत्

बनाइएको छ । यसले कृतिका प्रसङ्गमा गौतमको लेखनगत वैशिष्ट्य प्रस्तुत हुने गरी अन्तर्पाठले अर्थ प्रदान गरेका छन् । तिनले कृतिको सन्दर्भगत अर्थलाई गहन बनाउने र अर्थविस्तार गरी प्रस्तुत सन्दर्भको आवश्यकतानुसार व्यङ्ग्य, स्वैरकल्पना, फ्याबुलेसनको प्रस्तुति एवम् यथार्थको विस्तार गरी पाठकीय प्रभावलाई गहन र व्यापक बनाएका छन् । यस्ता अन्तर्पाठहरूले *अप्रिय* उपन्यासमा विषयको प्रस्तुतिगत नवीनता ल्याएका हुनाले यस उपन्यासलाई प्रयोगपरक बनाउनमा तिनको महत्त्वपूर्ण भूमिका रहेको छ ।

## सन्दर्भ सामग्रीसूची


एटम, नेत्र (२०७४), *सङ्क्षिप्त साहित्यिक शब्दकोश,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गौतम, कृष्ण (२०५९), *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन

गौतम, कृष्ण (२०६४), 'समालोचनामा अन्तर्पाठीयताको अवधारणा', *भृकुटी,* १ (१), पृ. ९–१६ ।

गौतम, ध्रुवचन्द्र (२०६२), *जेलिएको,* बल्खु : नेपाल मुद्रण सङ्घ ।

गौतम, ध्रुवचन्द्र (२०६७), *अप्रिय,* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद (२०७०), 'विश्वेश्वरप्रसाद कोइरालाका कथाको अन्तर्विषयक पठन', *आख्यानकार विश्वेश्वरप्रसाद कोइराला पुनर्पाठ,* भाउपन्थी (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. ३३३–३७९ ।

भट्टराई, गोविन्दराज (२०६७), 'विश्वस्तरका अतिप्रिय उपन्यासमा छ अप्रिय : अनेक अप्रियताले घेरिएको प्रिय जीवन छ यहाँ', *अप्रिय* (ले. ध्रुवचन्द्र गौतम), काठमाडौँ : ओरिएन्टल पब्लिकेसन, पृ. १–१६ ।

रेग्मी, अनुपमा (२०७७), 'जुलिया क्रिस्टेभाको नवमनोविश्लेषण र साहित्यको अन्तर्पाठीय अध्ययन पद्धति', *प्रज्ञा,* ११९, पृ. ३२–४५ ।

Allen, Graham (2007). *Intertextuality* (Indian Reprint). U.S.A. : Routledge.

Genette, Jerard (1997). *Palimpsests : Literature in the Second Degree*. Traslated by Channa Newman and Claude Doubinsky. Lincoln and London : University of Nebraska Press.

Hawthron, Jeremy (2011). *A Glossary of Contemporary Literary Theory*. India : Heritage Publishers.

Tjupa, Valerij (2009). *Heteroglossia*. *Handbook of Narratology*. Peter Huhn, John Pier, Wolf Schmid, Jorg Schonert (Eds). Berlin : Walter de Gruyter.